# चापाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चापाकोट, स्याङ्जा

# चापाकोट नगरपालिका कार्यालयको सेवा शुल्क बढाबढ सम्बन्धी सिलबन्दी आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/२६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ दफा ६२ को उपदफा २ को (घ) तथा दफा ६२ को उपदफा ३ मा सडक निर्माण, संचालन वा व्यवस्थापन गरे वापत नगरपालिकाले सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तै सुविधा उपयोग गरे वापत लाग्ने सेवा शुल्क (सडक उपयोग वापतको कर) उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने व्यवस्था भए बमोजिम नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार राजश्व शाखाबाट छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गरि रितपुर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क.सं | ठे.नं | ठेक्काको नाम | आ.व. ०७७/७७८ को लागि न्युनतम अंक रु.(मु.अ. कर वाहेक) | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १.१ | गल्याङ्ग-चापाकोट सडक खण्ड | २,७५,०००/- | १,०००/- | |
| २ | १.२ | केलादी पक्की पुल रामपुर जोड्ने खण्ड | ४,९५,०००/- | १,०००/- | |
| ३ | १.३ | दार्सिङ्ग जगतभन्जाङ सडक खण्ड | ३,००,०००/- | १,०००/- | |
| ४ | १.४ | चापाकोट बारिकुना केवरे सडक खण्ड | १,३५,०००/- | १,०००/- | |
| ५ | १.५ | चापाकोट किनारे ठाटीभज्याङ् सडक खण्ड | ६५,०००/- | १,०००/- | |
| ६ | १.६ | रोग्दीठाटी वालिङ् सडक खण्ड | २७,०००/- | १,०००/- | |
| ७ | १.७ | तिलपुर सडक | ५०,०००/- | १,०००/- | |

**शर्तहरु :**

१) दरभाउपत्र खरिदको लागि निवेदनको साथमा स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाण पत्र सहित तोकिएको दस्तुर रु.१०००।० (एक हजार रुपैया मात्र) नगदै तिरी (पछि फिर्ता नहुने गरी) मिति २०७७/०७/०२ गते कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२) न्यूनतम तोकिएको उल्लेखित रकम दुई लाख सम्मको हकमा नागरिकताको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएका व्यक्ति तथा फर्मले दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३) दरभाउपत्र आठौं दिनको मिति २०७७/०७/०३ गते मध्यान्ह १२:०० बजे भित्र दरभाउपत्र दाताले खाम बाहिर आफ्नो नाम, ठेगाना स्पष्टसँग उल्लेख गरी यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दर्ता गर्नु पर्नेछ । सोही दिनको २:०० बजे कार्यालय प्रतिनिधि तथा दरभाउपत्र दाताको रोहबरमा खोलिनेछ ।

४) कबोल रकम एकमुष्ट बैंक दाखिला गरेको अवस्थामा कबोल रकमको दश प्रतिशत सम्म छुट दिन सकिनेछ । तर यस्तो छुट हुँदा न्युनतम उल्लिखित तोकिएको रकम भन्दा कम हुनेछैन ।

५) सम्झौताको समयमा कबोल अंकको न्युनतम पचास प्रतिशतले हुन आउने रकम (मु.अ.कर समेत) नगरपालिका कार्यालयको आन्तरीक राजश्व खाता नं १९००३०००००१००१००००००१ मा दाखिला गर्नु पर्ने छ । बाँकी ५० प्रतिशत रकम २०७८ वैशाख मसान्त भित्र चुक्ता गरिसक्नुपर्नेछ । यद्यपी बाँकी रकमको सम्बन्धमा मान्यता प्राप्त बैंकबाट २०७८ असार मसान्त सम्मको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६) सिलबन्दी दरभाउसाथ आफुले कबोल गरेको जम्मा अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम जमानत रकम बापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड सुन्तलीटार शाखामा रहेको धरौटी खाता नं. १९००३००००००३००००००००१ जम्मा गरेको बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न राखी पेश गर्न पर्नेछ वा मान्यता प्राप्त बैंकबाट कार्यसम्पादन बैंक जमानत पेश गर्नु पर्नेछ ।

७) रीत नपुगेको सिलबन्दी दरभाउपत्र र अन्य शर्तहरु राखी दर्ता भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गरीने छैन ।

८) दरभाउपत्रदाताले यस नगरपालिकाले तोकेको दरमा तोकिएका सवारी साधनमा कर उठाउदा प्रयोग गर्ने रसिद दरभाउपत्र दाता आफैले छपाई नगरपालिकाबाट प्रमाणीत गरेपछि मात्र प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं. उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नुपर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयलाई बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

९) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा त्यस सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय, प्रदेश सरकार यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलवन्दी दरभाउपत्र वालाले पालना गर्नुपर्नेछ । साथै ठेक्का अवधि २०७८ असार मसान्त सम्म कायम हुनेछ ।

१०) दर्ता भएका शिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने आंशिक रुपले स्वीकृत गर्ने वा कार्यालयको हितलाई ध्यानमा राखी अस्वीकृत गर्ने समेत अधिकार नगरपालिकामा सुरक्षित हुनेछ ।

११) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन ।

**प्रमुख प्रशासकिय अधिकृत**